Z

# नेपालका वन्यजन्तु

(भाग-२)

NEPAL'S WILDLIFE
(Part-2)

डा. मुकेश कुमार चालिसे
काठमाडौं मोडेल कलेज
बागबजार, काठमाडौं
फोनः २४२१२१/२४२०१५

DR. Mukesh K. Chalise
KATHMANDU MODEL College
Bagbazar, NEPAL


THE NATURAL
HISTORY MUSEUM
4 APR 2002
EXCHANGED
ZOOLOGY LIBRARY

प्रकाशक
नेपाल नेचुरल हिष्ट्री सोसाइटी
जि.पि.ओ. वक्स ८४०२
काठमाडौं
फोनं. : ५२६८९३/२७२७८३

Publisher
Natural History Society of Nepal.
GPO Box 8402
Kathmandu

EXCHANGE 343850-1001 [In Nepali]

# नेपालका गैंडा
## Rhino of Nepal



Common Name: Rhinoceros
Scientific Name: *Rhinoceros unicornis*

प्राकृतिक र चोरी शिकारीका कारण सन् १९९९ र २००० मा समेत ठूलो सङ्ख्यामा गैंडाहरू मरेपछि अब नेपालमा यसको भविष्य छैन कि भन्ने डर सबैलाई लागेको थियो । तर हालै भएको गैंडा गणनाले त्यस डरलाई हटाइदिएको छ । २०५६ फागुन महिनामा सम्पन्न गन्तीबाट नेपालमा सामान्य अनुमानभन्दा बढी अर्थात् ६१२ वटा गैंडा रहेको पुष्टि भएको छ । यी मध्ये चितवनमा ५४४ वटा, बर्दियामा ७६ वटा र शुक्लाफाँटा वन्यजन्तु आरक्षमा एउटा गैंडा भेटिएका छन् ।

### सङ्ख्या

२००७ सालताका चितवनको जङ्गलमा मात्र ८०० जति गैंडा भएको अनुमान गरिएको थियो । तर पहाडबाट मानिसहरू तराईतिर ओइरिनथालेपछि गैंडाको सङ्ख्या तीव्रगतिमा घटेर झण्डै एकसयको हाराहारीमा झ्र्यो । २०२९ सालमा संरक्षण कार्य शुरु भएपछिका २५ वर्षमा गैंडाको सङ्ख्या ६ गुनाले बढेको छ (हेर्नुस् टेवुल) ।

यसबाट संसारमा ठूलो एकसिङ्गे गैंडाको सङ्ख्या आसाम (भारत) को काजीरङ्गा राष्ट्रिय निकुञ्जका करिब १,५०० समेत गर्दा २,१०० नाघेको छ ।



टेवुल १: नेपालमा गैंडा गन्ती र अनुमानित संख्या

| क्र.सं. | वर्ष | सङ्ख्या | स्रोत |
|---|---|---|---|
| १. | १९५० | १००० | अनुमान |
| २. | १९६२ | ६०-८० | |
| ३. | १९७५ | २७०-३१० | Laurie, 1978 |
| ४. | १९८८ | ३५८ | Dinerstien & Price, 1991 |
| ५. | १९९४ | ४४६-४४६ | DNPWC/KMTNC/Resource Nepal 1994 |
| ६. | २००० | ६१२ ✲ | DNPWC/KMTNCIUNDP 2001 |

✲ (Chitwan-544- RBNP-67, SPWR-1)

### जाति

कालो र खैरो रङका अफ्रिकी प्रजातिका दुईसिङे गैंडाहरू अफ्रिकामा मात्र पाइन्छन् । एसियामा पाइने तीन प्रजातिका गैंडामध्ये एउटा मात्र सिङ हुने ठूलो आकारका गैंडा नेपाल र भारतमा मात्र पाइन्छन् । इण्डोनेशियाको जाभामा पाइने सानो खालको एकसिङे गैंडा र सुमात्राको दुईसिङे गैंडाले छुट्टाछुट्टै प्रजातिको प्रतिनिधित्व गर्दछन् । एसिया र अफ्रिका बाहेक अरु महादेशमा गैंडाहरू चिडियाखानामा मात्र पाइन्छन् । यद्यपि, यी जनावरहरू कुनै बेला दक्षिण अमेरिका तथा अष्ट्रेलिया बाहेक अरु सबै महादेशका जङ्गलमा विचरण गर्दथे ।

कुनै समयमा वर्तमान पाकिस्तानको पेशावर र काश्मिरदेखि पूर्वी हिमालयको दक्षिण समतल फाँट तथा भावर उपत्यकाहरू र बर्मासम्म पाइने एकसिङे गैंडाहरू अन्यत्र लोप भए पनि भारतको आसाम र नेपालमा राम्रैसँग जोगिएका छन् भन्न सकिन्छ । यिनीहरू खानाको लागि खर, दुबो तथा ढड्डी र गर्मी हुँदा आहाल बस्ने पानी भएको पातलो जङ्गलमा बस्दछन् । तर सुरक्षा र आरामका लागि भने घना जङ्गल नै रोज्दछन् ।

### गन्ती

सन २००० को गैंडा गणनाले भविष्यमा नेपालमा तिनको सङ्ख्या अहिलेकै दरमा नबढ्ला कि भन्ने आशङ्का भने बढाएको छ ।

चितवनमा किशोर अवस्थाका गैंडाहरू कुल सङ्ख्याको १६ प्रतिशत मात्र पाइयो जसको अर्थ, भोलि सन्तान उत्पादन गर्ने वयस्क गैंडाहरू स्वभावतः कम हुन जानेछन् । वयस्क गैंडाहरूमध्ये पनि भालेभन्दा पोथीको सङ्ख्या हुनुपर्ने जति बढी छैन । यसपालीको गन्तीबाट भाले ४१ र पोथी ५६ प्रतिशत भएको देखियो । सन् १९९४ मा पोथीको मात्रा अहिलेभन्दा दुई प्रतिशत बढी थियो । जनावरको सङ्ख्या वृद्धिका लागि पोथीको प्रतिशत योभन्दा बढी हुनुपर्छ । भालेको सङ्ख्या तुलनात्मक रूपले बढी हुँदा स्वस्थ प्रजननयोग्य भालेहरू निस्क्रिय रहन जान्छन् र पोथी कम हुनाले सन्तान बृद्धिदर अहिलेको तुलनामा घट्दै जानसक्छ । बच्चा गैंडामा त यो अवस्था अझ चिन्ताजनक छ (भाले ४९, पोथी २९ र थाहा नभएको २२ प्रतिशत) । यसले सुदूर भविष्यमा गैंडाको सन्तान बृद्धिदर अरू घट्ने सङ्केत गर्छ । साथै, भालेको सङ्ख्या बढी हुँदा नजिकका नातेदारबीचमा बढी मात्रामा प्रजनन क्रिया भई वंश खिइदै जाने र जातिको अस्तित्वमै खतरा पैदा हुनसक्छ ।

## आपसी प्रजनन

नजिकका नातेदारबीच हुने प्रजनन पक्ष गैंडाको दीर्घकालीन भविष्यका सम्बन्धमा नसोची नहुने विषय हो । नेपालका गैंडाहरूमा अहिले पनि नजिकका नातेदारबीच प्रजनन भइरहेको र यसको असर तिनको वंशमा परेको हुनसक्छ । अहिलेका सबै गैंडा २०२९ तिर बाँकी बचेका १०० वटा जति गैंडाका सन्तान हुन् ।

यसरी, निकट नाताबीच प्रजनन भएर वंश खिइने क्रम रोक्ने एउटा उपाय नेपाल र भारतका गैंडा साटासाट गर्नु हुनसक्छ । यसका साथै प्राकृतिक र मानवीय कारणले हुनसक्ने समूल विनाशबाट जोगाउन पनि यिनलाई ठाउँठाउँमा छरिदिनु आवश्यक छ । नेपालमा चुरे पहाड छेउछाउका धापिला जङ्गलहरू यस कार्यका निम्ति उपयुक्त हुनसक्छन् । तीमध्ये बर्दिया र शुक्लाफाँटा तत्कालका लागि उपयुक्त वासस्थान देखिन्छन् ।

## खाग

निकुञ्ज स्थापनाकालका केही बर्षलाई छाडेर गैंडाको चोरी-शिकारी विगत १० वर्षमा अत्यधिक बढेको छ । यसका लागि चीन र



पूर्वी एसियामा प्रचलित परम्परागत औषधि प्रणाली दोषी छ । सामान्यतः आठ इन्चजति लामो गैंडाको खागलाई यौन उत्तेजक पदार्थ भएको वस्तुको रुपमा प्रचार गरिएको छ । बोलीचालीमा सिङ भनिने, कडा मासु र रौंको विकसित रूप खागमा यस्तो गुण भएको कुरालाई विज्ञानले स्वीकारेको छैन । तर पनि यही परम्परागत विश्वासले गर्दा गैंडाको शिकार बढेको छ ।

## इतिहास

पृथ्वीमा गैंडाको उत्पत्ति आजभन्दा १५० लाख वर्ष अघि भएको हो । त्यस कालखण्डका अधिकांश जीवजन्तुहरू प्रायः लोप भइसके । कतिपय जनावरहरूले वातावरण अनुकूल आफूलाई परिवर्तन गरिसकेका छन् । जस्तै, शुरूमा दुई फिट जतिका पूर्वजबाट आज राम्रा अग्ला घोडा विकसित भएका छन् । मानव र बाँदरका पुर्खाहरू वातावरण अनुकूल परिमार्जित हुँदै आजको स्थितिमा आइपुगेका हुन् । तर गैंडाले आफूलाई अरू जीवको जस्तो धेरै परिवर्तन गरेको छैन ।

यस्तो अवस्थामा नेपालले गैंडा संरक्षणमा हासिल गरेको सफलता, संसारले प्रशंसा गर्नलायक कार्य हो । यसलाई कायम राख्नु भनेको निकै चुनौतीपूर्ण कार्य हो ।

(डा. चालिसे गैंडा गन्तीमा संलग्न हुनुहुन्थ्यो । - प्र.)

*(हिमालः १-१५ असार/ २०५६मा "गैंडा बढेकोमा हर्षबढाई" शीर्षकमा प्रकाशित)*

# गैंडा स्थानान्तरण: एक स्मरण

**Rhino Translocation in Nepal**

नेपालमा वन्यजन्तुको क्षेत्रमा गरिएका महत्वपूर्ण कार्यहरूमा शाही चितवन राष्ट्रिय निकुञ्जमा मात्र पाइने गैंडालाई शाही वर्दिया राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरिनुलाई लिनु पर्दछ। नेपालमा यो काम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अग्रसरतामा संगठित कार्यदलले विभागकै सक्रियतामा सम्पन्न गरेको थियो । यस कार्यमा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष तथा यसका कर्मचारीहरूको सहयोग उल्लेखनीय रहेको थियो ।

## पहिलो दिन

२०५६ फागुन १५ गते पहिलो दिनको शुरूवात गर्ने सिलसिलामा स्थानान्तरण गर्ने टोली करिब ३ दिन अघिनै चितवनको सौराहामा पुगिसकेको थियो। गैंडा कहाँबाट समाती स्थानान्तरण गर्ने भन्ने विषयमा फागुन १३, १४ गते जाँचबुझ र छानविन गरिएको थियो । सौराहाको दक्षिणपट्टिको इचर्नी वनबाट सकेसम्म बढी गैंडा समात्ने निधो गरिएको थियो।

पहिलो दिन २५ वटा हात्ती, गैंडा समातिने क्षेत्रमा बिहान ६ देखि ८ बजेभित्र, हिंडेका थिए । कार्यदलका सदस्यहरू बाहेक फिनल्याण्डका नेपालस्थित राजदूत, वन मन्त्रालयका उच्चपदस्थ कर्मचारी तथा वन्यजन्तुविज्ञहरू समेत करिब ९० जना गैंडा समात्न गएका थियौं । बेलुका ३ बजेसम्म २ वटा गैंडा समातेर खोरमा राखिएको थियो । गैंडा समात्नका लागि विभिन्न प्रक्रिया पूरा गर्नुपर्दछ। निश्चित गरे अनुसारको उमेर, लिंग तथा स्वस्थ गैंडालाई भेटेपछि हात्तीहरूले चन्द्राकार घेराबाट बिस्तारै पच्छ्याइन्छ । सकेसम्म ट्रक भएतिर लगिन्छ । उपयुक्त ठाउँ र दुरी कायम भएपछि बेहोस गराउन बन्दुकबाट औषधियुक्त सूई हानिन्छ। सूई लागेपछि गैंडा अलि तर्सन्छ, अनि भाग्न र दौडन खोज्छ। कुनै गैंडा त भैंसीको पाडो जस्तै गरी कराउँछन् पनि । अब बिस्तारै गैंडालाई



निश्चित ठाउँतिर धपाइन्छ । करिब १५ मिनेटपछि बिस्तारै गैंडा बेहोस हुन लागेको थाहा पाइन्छ । पछाडिको खुट्टा पहिले बस्छ अनि अगाडिको तर एकछिन मुन्टो उठाइरहन खोज्छ, पूरा बेहोस हुँदा पनि कान ठाडा नै हुन्छन् र आँखाले हेरिरहन्छ । त्यसैले हात्तीबाटै लौराले झटारो हानिन्छ । कुनै प्रतिक्रिया नदेखाएपछि सबै हात्तीबाट ओर्लन्छन् र पहिला गैंडाका आँखा छोप्ने र कान थुन्ने काम गर्छन् ।

गैंडालाई स्थानान्तरण गर्नुअघि शरीरको लम्बाई, सिङ, टाउको, खुट्टा, नङको नापजाँच गरिन्छ। त्यस्तै शरीरको तापक्रम तथा कुनै चिन्ह भए सोको अभिलेख राखिन्छ। उक्त गैंडालाई त्यसपछि ट्रकसम्म पुर्‍याउन एउटा गद्दा (ठूलो पिर्का जस्तो-स्लेज) मा राखिन्छ र नखसोस् भनी डोरीले बाँधिन्छ । त्यस स्लेजलाई डोजरले तानेर खोरसम्म लगिन्छ जुन ट्रकसँगै राखिएको हुन्छ । गैंडालाई खोरभित्र हुलेपछि बेहोसबाट उठाउने सूई लगाई खोरको ढोका बन्द गरिन्छ। करिब १ मिनेटभित्रै गैंडाको होस फर्किइ उठिहाल्छ अनि पिंजडा वा खोरबाट फुत्कन उफ्रन थाल्छ । यसबेला फूर्तिसाथ खोरलाई ट्रकभित्र हुल्ने काम हुन्छ । गैंडालाई लगाइएको बेहोस गराउने सूई र तर्सेको कारण जीउको तापक्रम बढ्न जान्छ। त्यसैले चिसो पार्न पानी खन्याउने काम हुन्छ, साह्रै तर्स्यो भने बाहिर नदेखोस् भनी खोरको वरिपरि कालो कपडाले ढाकिन्छ । सुरक्षा, मानिसको चाप, घामको ताप आदि कुरालाई विचार गरेर सकेसम्म साँझपख हिंडाउनु ठीक हुन्छ। त्यसैले गैंडाहरू बेलुका बर्दियाको बबई उपत्यकाको लागि चलान हुन्छन् ।

## बाटो लाग्दा

चितवनदेखि बबई नदीको फाँट- चेपाङ पुग्न करिब १२ घण्टा जति लगाइयो । बाटोमा प्रायः नरोकिने सल्लाह थियो । त्यसैले सामान्य खाजा पानी आदि चितवनमै किनिएको थियो। हरेक दिन र रात गैंडा दुई वटाका दरले ४ दिनसम्म स्थानान्तरण गरियो । पाचौं र छैटौं दिन एक-एकवटा ओसारियो । बाटोमा ट्रक कुनै कारणले रोकियो भने मानिसहरू झुम्मिइहाल्थे । अखबारहरूबाट यसबारे खबर प्रचारित भइसकेको हुनाले जनता गैंडा हेर्न उत्सुक हुन्थे । साह्रै भीड लाग्न थालेमा हामी १ सय रूपियाँको नोट हेर्नुसून भनी जवाफ लगाउँथ्यौं । हुन त जङ्गली जनावर

हेर्न सबैलाई चाख नै हुन्छ । शायद हामी कामले थाकेकाले मनोविज्ञान त्यस्तो रूखो भएको होला ।

सवारी चलाउन वन्यजन्तु विशेषज्ञ, पशु चिकित्सक सहयोगीहरू जीपमा बसी ट्रकको अघि पछि बाटोमा हिड्दथ्यौं । धेरै गतिमा ट्रक हाँक्दा गैंडालाई असर गर्ला भनी सतर्क हुन्थ्यौं । भात खाने ठाउँमा ट्रक ओझेलमा राखेर आधा घण्टा रोकियौं । होटल साहुले 'के लेराउनु भएको' भन्दा कपडाको ठूलो तान भन्यौं । मानिसहरूले हूल गर्लान् र गैंडा धेरै तर्सिएर खोर भाँच्ला भन्ने डर थियो, हामीलाई । एकछिनपछि साहूले 'हैन सरहरूको तानले पिसाब गर्छ कि क्या हो ?' भन्दा भने कुरा खस्किएकोले सबै जना मरिमरि हाँस्यौं । गैंडाले बेसरी 'सु' गरेछ । साहुजीलाई पनि गैंडा भन्ने खबर थाहा भइसकेको रहेछ ।

## अरू दिन

पालैपालो कार्यदलका साथीहरू हरेकदिन ट्रकको अगुवाई गर्दथे । करिब-करिब नसुती भोलिपल्ट साँझ चितवन आइपुग्दथे । बबई उपत्यकामा गैंडा छोड्नु अघि पनि रमितै हुन्थ्यो । गैंडा खोरबाट निस्कन मान्दैनथ्यो, शायद डराएर होला । निस्कँदा बडो बेगले कुद्छ, कहिलेकाहीं फर्केर आई ट्रकलाई टोकेर रिस पोख्छ गैंडाले ।

जम्मा १० वटा गैंडा ओसार्ने कार्यक्रम अनुसार ३ वटा चाहिँ मध्यवर्ती क्षेत्रमा बालीनाली खाई समस्या भएकोले कुचकुचे र कुमरोज सामूदायिक वनबाट समातियो भने ७ वटा इचर्नीमै समातियो । ४ वटा भाले र ६ वटा पोथी स्थानान्तरण भएकामध्ये दुई पोथी र एक भाले पूर्ण वयस्क थिए भने अन्य अर्धवयस्क र किशोर-किशोरी थिए ।

## वन्यजन्तु किन स्थानान्तरण गरिन्छ ?

वन्यजन्तुहरूलाई स्थानान्तरण गर्नुपर्ने थुप्रै कारणहरू हुन्छन् । प्रायः दुर्लभ हुन लागेका अथवा प्राकृतिक वासस्थानमा हराइसकेका तर चिडियाखाना वा व्यक्तिगतरूपले पालिएका ठाउँबाट प्रकृतिमा नै मिसाउन स्थानान्तरण प्रक्रिया पूरा गरिन्छ । यस्तो ठाउँ रोज्दा त्यो जनावर पहिला त्यो ठाउँमा थियो या थिएन, निर्क्योल गरिन्छ । पहिला भएको तर विभिन्न कारणले खासगरी मानवीय कारणले लोप भएको



रहेछ भने उपयुक्त हुन्छ । अझ उक्त ठाउँ संरक्षित छ भने झन् बेस हुन्छ । यसो गर्नाले लोप हुने अवस्थामा पुगेका जीव-जन्तुहरू छरिएर रहन्छन् र प्राकृतिक कारणले लोप हुनसक्ने संभावनालाई टार्न सकिन्छ । एक ठाउँमा लोप भए पनि अर्को ठाउँमा बाँचेका हुन्छन् ।

संकटापन्न वा खतरामा परेका जीवजन्तुहरू एक ठाउँमा मात्र छन् । सख्या वृद्धि भएको छ भने उस्तै वासस्थान पहिल्याई छरिदिनु राम्रो हुन्छ र यसो गर्दा एक ठाउँमा हुने सर्वनाशबाट वन्यजन्तुको जाति लोप हुने खतराबाट जोगाउन सकिन्छ ।

त्यस्तै एक ठाउँमा मात्र भएका वन्यजन्तु धेरै कालसम्म एक ठाउँ र हूलमा रहेमा समान वातावरणीय प्रभाव र उस्तै विकासक्रममा आपसमा तीव्र प्रतिस्पर्धा हुने साथै खाना, वास, साथी रोजाईमा समस्या भई संख्यामा ह्रास आउन सक्छ । एकै डफ्फामा गर्भाधान भइरहँदा स्वास्थ्य बिग्रने र वंशाणु कमजोर हुन सक्छ साथै रोगव्याध बढ्न गई लोप हुन सक्छन् । त्यसैले पनि फरक-फरक ठाउँमा वन्यजन्तुको वितरण हुनु राम्रो हुन्छ ।

कुनै वन्यजन्तु धेरै भई वासस्थान र खानाको खोजीमा जङ्गल बाहिर वा मानिसको खेतबारी वा गाउँतिर निस्किरहने स्थिति पर्न गएमा पनि स्थानान्तरण गर्नु राम्रो हुन्छ । यसले मानिससँग वन्यजन्तुको द्वन्द घट्दछ भने चोरी शिकारी हुने संभावना पनि न्युन पार्दछ ।

## स्थानान्तरण भइरहेका जीवजन्तुहरू

नेपालमा वन्यजन्तु स्थानान्तरण गर्ने प्रक्रियाको शुरूवात भर्खरै जसो भएको हो । सन् १९८६ मा १३ वटा गैंडा चितवनबाट बर्दियाको कर्णाली फाँटमा छोडियो । त्यस्तै १९९१ मा २५ वटा गैंडा चितवनबाट बर्दियाको बबई उपत्यकामा छोडियो र सन् १९९९ मा ४ वटा गैंडा बबई चेपाङ नजिक छोडिएको थियो । सन् २००० को शुरूतिर पनि १० वटा गैंडा बबईको मूलघाटमा लगेर छोडियो । बर्दियाको खैरीमा मात्र पाइएको कृष्णसार मृगलाई जावलाखेल सदर चिडियाखानमा हुर्काई धेरै भएपछि बर्दिया निकुञ्जको ठाउँ-ठाउँमा छोडिएको थियो । तर ती कृष्णसार ०५२ सालमा छोडेको २५ वटामध्ये प्राय सबै हराएकोमा २ वटा २०५६ माघ महिनामा लालमाटी चिसापानी तल देखा परेका थिए, अन्यबारे जानकारी छैन ।

लुम्बिनी उद्यान छेउछाउ संरक्षणको कारणले बृद्धि भएका केही (आठवटा) नीलगाई बाँकेतिर सारिएको चर्चा छ । तर हाल बर्दियामा समेत नीलगाईको सङ्ख्या साह्रै न्यून रहेको थाहा भएको छ । नेपालमा स्थानान्तरण गर्नुपर्ने प्रमुख अर्को वन्यजन्तुमा अर्ना पनि हो । कोशी टप्पुमा मात्र केन्द्रीत रहेका अर्नाहरू आफैंभित्र प्रजनन भई र घरेलु भैसीसँग मिसिइ प्राकृतिक नश्लनै लोप हुने डर छ । शुद्ध अर्ना पहिल्याई कोशीको जस्तै नदी धाप र घाँसे मैदान भएको चितवन वा बर्दिया, कर्णालीको भँगालो क्षेत्रमा सार्नुपर्ने देखिन्छ । यसो गरेमा शुद्ध अर्ना बचाउन सकिएला अन्यथा भविष्यमा अर्ना घरेलु भैंसीसँग मिसिएर वा कोशी टप्पुमा हुनसक्ने प्राकृतिक प्रकोपबाट नाश हुन सक्छ ।

प्रायः प्राकृतिक वासस्थानमा लोप भएका तर व्यक्तिगत रुपमा अथवा चिडियाखानाहरूमा पालिएका केही जनावरहरूलाई संख्यात्मक बृद्धि गरेर पनि उनीहरू पहिले पाइने ठाउँहरूमा छोडिएको छ । चीनको पेकिङ्ग उत्तरमा पाइने एक प्रकारको मृग-डेभिड्स डियर बेलायतमा बढी संख्यामा प्रजनन गराई पुनः त्यहीं छोडिएको छ । प्रेड्जवालिस्की जङ्गली घोडालाई चेकोस्लोभाकियामा वंशबृद्धि गरी पुनः अफ्रिकी वासस्थानमा छाडिएको छ । ओर्‍याक्सलाई त्यसरी नै पुनः अफ्रिका पुर्‍याइएको छ । यी तीनै जातिहरू प्राकृतिक वासस्थानबाट लोप भइसकेका थिए । यसैगरी स्याहार केन्द्र वा वन्यजन्तु अनाथालयमा हुकाई बढाई ह्वेल, डल्फिन, चिम्पान्जी, गोरिल्ला र ओराङ उताङलाई उनीहरूकै वासस्थानमा लगिने कार्यक्रम चालू छ । नेपालमा पनि गोदावरीमा कस्तुरीमृग हुर्काउने कार्यक्रम चलाइएको छ तर विविध कारणले सफलतासम्म पुगिसकेको छैन ।

आशा गरौं, प्राकृतिक वा मानवीय कारणले खतरामा परेका अन्य वन्यजन्तुहरूले बसाई सराई गरेर भए पनि आफ्नो सङ्ख्या, आयु र वंश स्वस्थता कायम राख्न वन्यजन्तु प्रेमीहरूबाट सहयोग पाइरहने छन् । हामीहरूकै अगाडि यस शताब्दीमा कुनै वन्यजन्तु लोप भएर जाने छैन । *(डा. चालिसे गैंडा स्थानान्तरण २००० मा संलग्न हुनुहुन्थ्यो । -प्र.)*

*(विज्ञान लेखमाला/श्रावण २०५७, श्रमिक / मजदुर, भक्तपुर)*

●



# वातावरण संरक्षणमा वन्यजन्तुको महत्व

## Importance of wilda nimals on Environment Conservation

मानवीय महत्वाकाङ्क्षा तथा आवश्यकता परिपूर्तिका लागि सभ्यताको शुरूवातदेखि नै आजसम्म प्राकृतिक साधन र स्रोतलाई सक्दो उपभोग गर्दै मानव समुदाय अघि बढिरहेछ । प्रकृतिमा नवीकरणीय र गैरनवीकरणीय दुवै खालका स्रोतहरू रहेका छन् । दुवै स्रोतहरूको उचित, व्यवस्थित तथा वैज्ञानिक उपभोग गर्नुपर्दछ ।

**नवीकरणीय स्रोत**:- पृथ्वीमा बिस्तारै आफैं थपिंदै आउने स्रोतहरू यस वर्गमा पर्दछन् । सबैजसो जैविक वस्तुहरू वन जङ्गल, वन्यजन्तु तथा निर्जीवमा पानी, हावा पनि नवीकरण हुन सक्दछन् ।

**गैरनवीकरणीय स्रोत**:- पृथ्वीमा मात्रात्मक तथा गुणात्मक वृद्धि हुन लाखौं वर्ष लाग्ने वा थपिन नसक्ने प्रायः निर्जीव वस्तु यस श्रेणीमा पर्दछन् । जस्तोः धातु खानीहरू, पेट्रोल आदि ।

मानिसहरूको अति दोहन तथा सोच्ने स्वभावमा कमी आउँनासाथै प्रकृतिको आफ्नै कारणले नवीकरणीय जीवित वस्तुहरू विस्तारै लोप हुने अवस्थामा पुग्दछन् । त्यसपछि मानव समुदाय 'वातावरण सङ्कट' आएको महसूस गर्दछ । बीसौं शताब्दीको शुरूदेखि नै यस फाँटमा विश्वव्यापी जनचासो बढ्दैछ । अन्तर्राष्ट्रिय सभा-सम्मेलन तथा भेटघाटहरूमा प्रायः सम्पूर्ण मुलुकहरूको मुख्य मुद्दा वातावरण तथा वन्यजन्तु संरक्षण रहेको पाइन्छ ।

वातावरण संरक्षणको मुख्य कडीको रूपमा वन्यजन्तु संरक्षणलाई लिन सकिन्छ । यदि वन्यजन्तु संरक्षण गरियो भने सम्पूर्ण वातावरण नै संरक्षण र व्यवस्थित हुन जान्छ । वन्यजन्तु संरक्षणको लागि आधारभूत आवश्यकता बासस्थान नै हो । उचित वनस्पति, वनजङ्गल भएमा मात्र वन्यजन्तुहरू बाँच्न तथा बढ्न, फस्टाउन सक्छन् । यसको साथै शुद्ध पानीको प्राप्यता र उर्वर माटो- वन्यजन्तु मौलाउने खास कारक तत्वहरू हुन् । उचित मात्राको वन-जङ्गल, पानी, माटो भएमा वायुमण्डल शुद्ध